सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
सावाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

(अध्यक्ष – ९८०७९२८५५५
(उपाध्यक्ष - ९८५२६८११७१
(प्र.प्र.अ. –९८५२६६०१५३

सूचना नं.०९-२०७७।०७८

मितिः २०७७/१०/२१

**विषयः दोस्रो चौमासिक तलब भत्ता निकासाको लागि माग फारम पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत संचालित सम्पुर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरु र गाउँपालिकाबाट चालु आ.वमा शिक्षकको लागि अनुदान प्राप्त गरेका विद्यालय तथा वालविकास केन्द्रहरुको दोस्रो चौमासिक तलब भत्ता निकासा प्रयोजनका लागि यसै सूचनासँग संलग्न गरीएको ढाँचामा माग फारम तयार गरी तपशिलमा उल्लेखित सम्पुर्ण कागजात सहित २०७७ माघ मसान्त भित्रमा यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन सम्बन्धित सम्पूर्णको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

१. अघिल्लो चौमासिक निकासा वापतको करकट्टि बैंक दाखिला भौचर।
२. अघिल्लो चौमासिकको निकासा भरपाई।
३. नयाँ नियुक्ति भएमा नियुक्ति तथा हाजिर भएको पत्र र छोडेको भएमा रमाना वा राजिनामा पत्र।
४. गाउँपालिकाको अनुदान तर्फको तलबभत्ता निकासाको लागि सो कोटामा नियुक्ति भएका शिक्षकहरुको नियुक्ति पत्र अनिवार्य पेश गर्नु पर्नेछ।
५. आ. व २०७६/७७ मा निकासा भएको सशर्त अनुदान अन्तर्गतको योजना फर्सौट नगरेका विद्यालयले दोस्रो निकासा अगाडि अनिवार्य फर्सौट गर्नु पर्नेछ।
६. नियमित रुपमा संलग्न गर्नुपर्ने अन्य कागजात।

**(नोटः यस सूचना सँग संलग्न गरिएको ढाँचामा प्रत्येक तहको अलग अलग माग फारम पेश गर्नु पर्नेछ साथै गाउँपालिकाको अनुदान तर्फको तलबभत्ताको लागि अलग मागफारम तयार गरि पेश गर्नु पर्नेछ ।)**

.............................
सुनिता भट्टराई
शिक्षा अधिकृत